# छायांनाथ रारा नगरपालिका

## गमगढी,मुगु

# आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम

प्रस्तोता
हरिजंङ्ग शाही
नगर प्रमुख

# छायांनाथ रारा नगरपालिका मुगुका नगर प्रमुख श्री हरिजङ्ग शाही ज्यूवाट प्रस्तुत आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम

सभामा पेश मितिः २०७६।०३।१०

सभावाट पारित मितिः २०७६।०३।२८

नगर सभाका सदस्य तथा
नगरपालीकाका सम्पुर्ण कर्मचारी मित्रहरु,

नेपालको संविधान,वर्तमान त्रिवर्षिय योजना, नेपाल सरकार क्षेत्रगत नीति तथा कार्यक्रम,स्थानीय तहको वार्षिक योजना तथा वजेट दिग्दर्शन २०७५,अर्थ मन्त्रालय,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा प्रदेश सरकारको वजेट सिलिङ तथा मार्गदर्शन, स्थानीय सरकार संचालन ऐन २०७४, छांयानाथ रारा नगरपालिकाको पार्श्वचित्र, विभिन्न क्षेत्रगत नीति,मार्गदर्शन,आवश्यकता र जनचाहाना साथै संस्थागत आवश्यकतालाई हृदयगम गरी यो नीति तथा कार्यक्रम तयार गरि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ अनुरुप नगर सभामा पेश गरेको छु ।

लामो समय सम्मको आम नेपाली जनताको प्रतीक्षा, २००७ सालको क्रान्ती, २०३६ को जनमत संग्रह, २०४२ को सत्याग्रह आन्दोलन, २०४६ को जन आन्दोलन, दश बर्षे सशस्त्र संघर्ष, २०६२।०६३ को जनआन्दोलन तथा दुई पटक सम्म भएको संविधान सभाको निर्वाचनवाट जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी नेपालको संविधान २०७२ बमोजिम देशमा संघीय संरचना अनुसार तीन तहको सरकार कार्यान्वयनमा आएको छ । देशलाई यस स्थितमा ल्याई पुरयाउन आफ्नो प्राणोत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र तथा संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञातअज्ञात व्यक्तिहरुलाई सम्झन चाहन्छु । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन २०७४ सम्पन्न भई आज हामी छायांनाथ रारा नगरपालिकामा स्थानीय सरकारको पांचौ नगर सभा संचालन गर्न पाउँदा निकै हर्षीत भएका छौं ।

विगत १९ वर्षदेखि रिक्त स्थानीय निकायको निर्वाचन भई जनप्रतिनिधि विहीन अवस्थाको अन्त्य भएको छ । अवका दिनमा छायांनाथ रारा नगरपालिकाको स्थानीय सरकारले रारा तालको काख तथा प्रसिद्व धाम छायांनाथ, सक्तिशाली थार्प मष्टो, मोक्ष प्राप्ती स्थल ऋृणमोक्ष र नेपाली मुद्रामा अंकित चंखेली हिमालको अंगालोमा अवस्थितिमा रहेको यस नगरपालिकामा सर्वसाधारण जनताले

प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित र यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको आर्थिक तथा सामाजिक बिकास गरी जिवन स्तर उकास्ने प्रमुख नीति लिइएको छ ।

संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा अधिकार, गाउँगाउँमा बिकास जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई संघियता कार्यान्वयन गर्ने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

## लक्ष्य तथा उद्देश्य

छाँयानाथ रारा नगरपालिकालाई आर्थिक रुपले सम्पन्न, भौतिक रुपले शहरी सुविधायुक्त, राजनीतिक रुपले समावेशी/सहभागितामुलक, वातावरणीय रुपले स्वच्छ, सफा तथा व्यवस्थापकिय रुपले सुव्यवस्थित नगरको रुपमा विकास गर्नु नगरपालिकाको लक्ष्य तथा उद्देश्य रहनेछ ।

छाँयानाथ रारा नगरपालिकाले विकट भौगोलिक अवस्थितिमा रहेको यस नगरपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका आर्थिक समृद्धि र सामाजिक रुपान्तरणमा टेवा दिने, क्षेत्रगत र भौगोलिक सन्तुलन कायम राख्ने योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिएको छ ।

विकास व्यवस्थापनका दृष्टिले पछाडी परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्बन गरिएको छ । सोही अवधारणा अनुरुप जनसंख्या, क्षेत्रफल, विकासको अवस्था आदीका आधारमा वडास्तरीय श्रोत साधन बाँडफाँडको नीति अवलम्बन गरिएको छ ।

दीर्घकालीन दृष्टिकोण सहित नगरको समग्र विकासको खाका तयार गरी कार्यान्वयनका लागि **बृहत्तर नगर विकास गुरुयोजना** तर्जुमा गर्ने कार्य शुरु गरिनेछ । नगर विकासको लागि **आवधिक योजना** निर्माण गर्ने, **मध्यकालिन खर्च संरचना** बमोजिम बजेट निर्माण तथा खर्च गर्ने अभ्यासको थालनी गरिनेछ ।

नगरपालिका क्षेत्र भित्र अगामी आ.व.मा जनताको मागमा आधारित योजना तथा आयोजनाहरु टोल वस्तीबाटै छनौट गरी प्राथमिकता निर्धारण गरी उपलव्ध स्रोतसाधनलाई जनताको माग बमोजिम उपयुक्त क्षेत्रमा लगानी गर्ने नीति लिईनेछ । यसको लागि नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्था तथा दातृ निकायबाट प्राप्त हुने अनुदान रकम र स्थानीय स्तरबाट संकलन भएको राजश्व रकमलाई समन्यायीक वितरणको सिद्धान्त बमोजिम परिचालन गरिनेछ ।

उपस्थित सम्पुर्ण नगरसभा सदस्य ज्यूहरु,

छायाँनाथ रारा नगरपालिकाको पांचौ नगर सभाको यस स्वर्णिम अवसरमा उपस्थित सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु प्रति न्यानो अभिवादन गर्दै छायाँनाथ रारा नगरलाई सफा, स्वच्छ, समुन्नत हरित शहरको रुपमा विकसित बनाउने हाम्रो अभियानमा मार्गदर्शन, सहयोग र सुझावको अपेक्षा सहित आ.ब. ०७५।०७६ को यो नीति तथा कार्यक्रम वाचन गर्न चाहन्छु ।

**१.सडक । यातायात**

नगरपालिकाका आफ्नै भौगोलिक विशिष्टताका साथै यातायातका अन्य माध्यमको विकास सम्भाव्यता र उपयोगको अवस्था विचार गर्दा हाम्रो लागि अझै पनि अन्य माध्यमको तुलनामा सडक यातायातको महत्व अत्यन्तै नै बढी भएको कुरा सडक विकासका लागि जनता र जनप्रतिनीधिहरुबाट भइरहेको मागबाट पनि स्पष्ट बुझ्न सकिन्छ । सामाजिक आर्थिक एकिकरण, उद्योग व्यापारको विकास, पर्यटन विकास, वस्तु र सेवा उत्पादन तथा वितरणको प्रभावकारी व्यवस्थापनलाई टेवा पुऱ्याउने गरी सडक सञ्जालको विकास तथा विस्तार गर्ने तर्फ नगरपालिकाको नीति रहेको छ ।

- नगरका १४ वटै वडाहरुका सबै बस्तीहरुमा बिगत दुई आर्थिक बर्षमा सडक संजाल जोडी गाऊ नगरलाई एक आपसमा जोडने कार्यलाई यस आ.व.मा पनि निरन्तरता दिईनेछ । सोही अनुरुप **एक गाउँ एक पक्की सडक** तथा **एक बस्ती एक ग्राभेल सडक** कार्यक्रमलाई आ.व.२०७६।०७७ मा पनि प्राथमिकता दिई सञ्चालन गरिनेछ साथै जिल्ला तथा नगरको केन्द्र **गमगढी बजारमा चक्रपथ** निर्माण कार्यलाई आ.व.२०७६।०७७ सम्म सम्पन्न गरिनेछ । नगर सडक सञ्जाल विस्तारका सम्बन्धमा आ.व.२०७६।०७७ भित्रै **नगरपालिकाको सडक गुरुयोजना** निर्माण गरिनेछ ।
- यस छायाँनाथ रारा नगरपालिका भित्र निमार्णधिन सडकहरुलाई निरन्तरता दिनुका साथै रेडकस चोक हुदै राताचौर सम्मको सडक खण्ड निमार्ण कार्य द्रुत गतिमा अगाडी बढाउनुका साथै उक्त सडक खण्डलाई oneway बनाईने रणनीति अबलम्बन गरिने छ ।

- बजार क्षेत्रमा रहेका टेलिफोन, विद्युत, खानेपानी तथा केबुलका लथालिंग अवस्थामा रहेका लाइन, पाईप तथा तारहरुलाई व्यवस्थित गर्न सरोकारवालाहरु सँग समन्वय गरि व्यवस्थित गरिने र जमिन भित्र विछ्याउने कार्यलाई निरन्तरता दिईनेछ ।
- **हाम्रो गाउँ हिलो धुलो मूक्त ठाउँ** नारा लाई सार्थक वनाईन प्रर्त्यक गाँउघरका बाटोहरु आरसिसि/ पिसिसि गरिदै लगिने कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरक्षेत्र भित्र संचालनमा आएका सडकहरुको नियमित मर्मत सम्भार तथा ब्यबस्थापन गर्नका सडक रक्षकको ब्यबस्था गरिने छ । निजहरुले दैनिक ३ देखि ४  घण्टा सडकको मर्मत सम्भार तथा रेखदेख गर्नु पर्ने छ  जसवाफत निवाहा भत्ता बाफत प्रति महिना रु ७,५००। उपलब्ध गराईने छ ।
- नगरक्षेत्र भित्र संचालनमा आएका सडकहरुमा बिस्तारै सडक प्रतिक्षालय बनाउने निती लिईएको छ ।
- नगर क्षेत्रभित्र संचालनमा आएका तथा नयां निर्माण हुने सडकहरुमा पहिरो तथा भूक्षयका कारणले वातावरणीय प्रतिकूलता हुन नदिन बृक्षरोपण तथा बायोईन्जिनियरिग सम्बन्धि अन्य गतिबिधिहरु संचालन गरिने छ ।
- यातायतका साधन सेवाग्राही लाई सौलियत,सभ्य,निरन्तरता दिनका लागि निजी क्षेत्रमा लगानीका लागि उत्प्रेरणा जागाइने छ ।

२.विद्युत

- **उज्याला घर, राम्रो नगर**  अभियान अर्न्तगत नगरपालिकाका सबै बस्तिहरुमा बिद्युत सेवा बिस्तार गर्नका लागी नगरपालिका भित्रका संभावित क्षेत्रहरुमा पूर्व सम्भाब्यता अध्ययन र संम्भाब्यता अध्ययन कार्य भईरहेको साथै प्राबिधिक दृण्टिकोणले सम्भाब्यता भएको ठाउंमा बिद्युत उत्पादन गर्नका लागी बिस्तृत परियोजना प्रतिबेदन तयार गरी आ.व. २०७६।०७७ मा निमार्ण कार्य थालनी गरी कम्तिमा २ बर्ष भित्र १ मेघावाट सम्मको बिद्युत उत्पादन गरिनेछ ।
- २१ सौ सताब्दीमा बत्ती मुनीको अध्यारोमा रहेका नगर भित्रका गाऊमा बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र संगको समन्वयमा आ.व. २०७६।०७७ .भित्र सोलार जडान गरिनेछ ।
- नगर भित्रको गमगढी बजार तथा ग्रामिण बजार क्षेत्रलाई उज्यालो बजारका रुपमा रुपान्तरित गर्नका लागी उत्त क्षेत्र भित्र सडक बत्तिको ब्यबस्थापन गरिने छ ।

३.शिक्षा

- शिक्षाको क्षेत्रमा गुणस्तरता कायम गर्नाका लागि प्रारम्भिक बालविकास बाटनै सुरुवात गरिने छ ।
- प्रारम्भिक वालविकास (**इसीडी**) कार्यक्रम  अन्तर्गत छायाँनाथ रारा नगरपालिका भित्र रहेका प्रत्येक बालबालिकाले गर्भावस्था देखिनै प्रारम्भिक बालविकासको अवसर प्रदान

गर्नाका लागि **अभिभावक शिक्षा कार्यक्रम** विभिन्न प्रारम्भिक बालविकासको क्षेत्रमा कार्य गर्ने सरोकार वाला निकायहरु संग समन्वय गरि सञ्चालन गरिने छ ।

- **इसीडी केन्द्रहरुमा भौतिक पूर्वाधार विकास** तथा **बालमैत्री बालविकास केन्द्र** (**राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार**) निर्माण गरिने छ र **खेल्दै सिक्दै** कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रारम्भिक बालविकास केन्द्र मार्फत बालबालिकाको सर्वाङ्गीण विकासका साथै विद्यालय जान तयार गर्ने निति अनुरुप प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत शिक्षकहरुलाई दिई आईरहेको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ । साथै नगर क्षेत्र भित्रका ३९ वटा प्रारम्भिक बालविकास केन्द्रहरुको प्रारम्भिक सर्भेक्षण गरी जुकेना, कालापाल्त,माथी घुईर र सिगाडीमा ११ वटा थप प्रारम्भिक बालविकास केन्द्रको स्थापना आ.व. २०७६।०७७ मा सम्पन्न गरी आ.व. २०७६।०७७ मा कम्तिमा १० वटा बालविकास केन्द्रहरुलाई नमुना बालबिकास केन्द्रको रुपमा बिकास गरिनेछ ।
- विद्यालयहरुमा प्राथमिक उपचार किट व्यवस्था गरिनेछ । **साक्षर नगर हाम्रो गौरब कार्यक्रम** सञ्चालन गरिनेछ ।
- सामुदायिक तथा नीजि विद्यालयहरु बीच शैक्षिक गुणस्तरको अन्तर घटाउने प्रयत्न गरिनेछ । सामुदायिक विद्यालयको स्तरोन्नती गरी सुविधायुक्त **नमुना विद्यालय** विकास गरिनेछ । विद्यालय र क्याम्पसहरुको शिक्षण सिकाई प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई बढावा दिइनेछ ।
- कक्षा ५, ८, एस इ इ र १२ को बोर्ड परीक्षाहरुमा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालयहरुमा **उपलब्धीको आधारमा विशेष अनुदान**को व्यवस्था गरिनेछ । आफूले अध्यापन गराउने विषयमा उत्कृष्ट नतजिा हाँसिल गराउने विषय शिक्षकहरु मध्ये तहगत रुपमा उत्कृष्ट शिक्षक छनौट गरि **वर्ष शिक्षक** घोषणा गरि पुरस्कृत गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- यस जिल्लामा लोक सेवा आयोगको परिक्षा केन्द्र तोक्नका लागी आबश्यक पहलका गर्नुका साथै त्यसका लागी आबश्यक पर्ने बजेट बिनियोजन गरिने छ ।
- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा विशेष ध्यान दिइनेछ । यसका लागि नगरपालिका भित्रका विद्यालयहरुलाइ क्रमस: प्रविधिमैत्री बनाउदै जाने, विद्यार्थीहरुमा नैतिक शिक्षामा जोड दिने, शिक्षक शिक्षिकाहरुलाई समय सापेक्ष तालिमको व्यवस्था गर्ने, शिक्षकहरुको आचारसंहिता बनाई लागु गर्ने, शिक्षक शिक्षिकाहरुलाई राजनीति प्रति होईन अध्यापन प्रति केन्द्रित हुने वातावरण तयार गरी शिक्षक शिक्षिकाहरुलाई अझै सक्षम र प्रतिष्पर्धी बनाउने नीति लिईनेछ ।

- संयुक्त विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्यको थालनी गरिने नितिलाई निरन्तरता दिईनेछ ।
- योग्य र वरिष्ठ शिक्षकलाई नेतृत्व सुम्पिएर विद्यालय प्रशासन तथा व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन प्र.अ. मिलान कार्य यथा सक्य सम्पन्न गर्न पहल गरिनेछ ।
- शिक्षक बिद्यार्थीको अनुपातको आधारमा साबिकको नि.मा.बि. र प्रा.बि.बिद्यालयलाई एकिकृत गरी शिक्षक दरबन्दि मिलान कार्यलाई अगाढी बढाईने छ ।
- स्वीकृति नलिई सञ्चालन गरिएको सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई निरुत्साहित र नियन्त्रण गर्दै कानूनी दायरामा ल्याइनेछ र सञ्चालनमा ल्याइएका विद्यालयलाई जनसँख्या तथा विद्यालय नक्साँकनका आधारमा स्तरवृद्धि गर्दै लगिनेछ ।
- नगर क्षेत्रका बिद्यालयहरुमा गुयास्तरीय शिक्षा कायम गर्नका लागी निजी क्षेत्रवाट संचालनमा रहेका बिद्यालयहरुमा शिक्षक दरबन्दिको ब्यबस्थापन गरिनेछ ।
- शिक्षक सेवा तथा लोक सेवा आयोगमा प्रतिस्पर्दा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्नका लागी तयार कक्षा संचालन गरिने छ ।
- बिद्यालयमा शिक्षक तथा कर्मचारीलाई नियमित गरी शैक्षिक गुणस्तर कायम गर्नका लागी बिद्यालयमा बिद्युतिय हाजिरी प्रणालीको ब्यबस्था गरिने छ ।
- नगरपालिका क्षेत्रमा शैक्षिक गुणस्तर कायम गरी दक्ष जनशक्ति उत्पादन गर्नका लागी नगरपालिका भित्रका सबै माध्यमिक स्तरका बिद्यालयलाई एकिकृत गरी अत्याधुनिक तथा सुबिधा सम्पन्न एकमात्र आवासिय माध्यामिक बिद्यालयको स्थापना गरिने नीति लिईनेछ ।
- शिक्षा ऐन तथा नियमावलीका आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, वडा शिक्षा समितिको गठन गरी शैक्षिक विकासका कार्यक्रमहरुको संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- बिद्यालय साक्षरता कार्यक्रमलाई अझ प्रभावकारी तुल्याउन तथा समुदायमा साक्षरता अभियानलाई तिब्रता दिन हरेक बिद्यालयमा अध्ययन अध्यापन कार्यलाई थप सेवा सुबिधा सम्पन्न बनाईने छ र सामुदायिक सिकाई केन्द्रहरुलाई थप हौसला प्रदान गरी बिभिन्न कार्यक्रम संचालनमा ल्याईने छ र निरक्षर लाई घटाई साक्षर नगर घोषणा गरिने छ ।
- सरकारी तथा गैर सरकारी संघ संस्थासँगको सहकार्य र समन्वयमा विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरिनेछ र उनीहरुलाई औपचारिक शिक्षाको मूल प्रवाहमा समेट्न विभिन्न खालका सिर्जनात्मक र रचनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- यस क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरु मध्ये कुनै एउटा विद्यालयलाई सूचना प्रविधिमैत्री तथा अंग्रेजि माध्यमको शिक्षा कार्यक्रम लागु गरी नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।
- विपन्न तथा गरिव परिवारका उत्कृष्ट अंक ल्याई उच्च शिक्षा अध्यन गर्ने विद्यार्थी सहयोग कार्यक्रमलाई निरन्तरता दिईने छ । यो आवमा नियमित सहयोगका साथै थप ४ जना नयाँ विद्यार्थीलाई अध्यापनमा सहयोग गरिने व्यवस्था मिलाईने छ ।
- विद्यार्थीको स्वास्थ्यलाई मध्यनजर राख्दै विद्यालय बातावरण स्वच्छ र हरभरा बनाउन विद्यालय पोषण बगैचा कार्यक्रम शुरु गरिने छ ।
- विभिन्न किसिमका पुस्तकहरु अध्ययन गर्नका लागि सामुदायिक पुस्ताकालय स्थापना गरिने छ, पाठकलाई अध्ययनमा  उत्प्रेरणा जगाइने व्यवस्था मिलाइने छ ।

४.स्वास्थ्य

- **शारीरिक, मानसिक, सामाजिक रुपमा स्वस्थ जन छाँयानाथ राराको धन** भन्ने नारालाइ साकार पार्न प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा आयुर्वेद औषधालयहरुको भौतिक अवस्थामा सुधार र स्रोत साधनमा वृद्धि गरिनेछ, नगरपालिका केन्द्रमा रहेको अस्पताललाई स्तरोन्नती गर्दै सुविधा सम्पन्न बनाउदै जाने र प्रत्येक वडामा आधारभुत सुविधा सहितका वडा स्वास्थ्य चौकी /स्वास्थ्य संस्था स्थापना गर्न नेपाल सरकार र प्रदेश सरकारको नीतिको परिधि भित्र रही विशेष पहल गरिनेछ । स्वास्थ्य चौकी स्थापना भएका वडाहरुमा बर्थिङ्ग सेन्टर निर्माण तथा स्वास्थ्य चौकी नभएका वडाहरुमा सामुदायिक स्वास्थ्य केन्द्र स्थापना गरिनेछ ।
- आयुर्वेद सेवा कार्यक्रमलाई प्रभावकारी वनाउनका लागि कृषकहरुलाई जडिबुटी खेती गर्नका लागी प्रोत्साहन गरिनेछ ।
- बाल बालिकामा रहेको विद्यमान कुपोषण घटाउने प्रभावकारी संयन्त्र तयार पार्ने र बाहिर बाट आउने सर्वेतम पिठोलाई विस्थापन गर्दै स्थानीय खाद्यवालीबाट सर्वोतम पिठो तयार पार्ने व्यवस्थाको लागि पहल गरिनेछ ।
- पूर्ण खोप कार्यकमलाई प्रभावकारी रुपमा कार्यान्वयमा ल्याउन नगरका सवै वडामा आवस्यक पूर्वाधार व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूको आवश्यकता वमोजिमको उपयुक्त स्वास्थ्य सेवा, हेरचाह र सहयोगको एकीकृत कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ । साथै जेष्ठ नागरिकहरुको उचित सम्मानका लागी निश्चित मापदण्डका आधारमा चालु आ.व. संचालन गरिएको जेष्ठ नागरिक सम्मान कार्यक्रलाई आगामी आ.व.मा समेत निरन्तरता दिईने छ ।

- स्थानीय स्तरमा स्वास्थ्य सेवाको निरन्तर सेवा प्रवाहमा प्रोत्साहन गर्न तथा जनतालाई स्वास्थ्य सेवावाट बन्चित नभई स्वास्थ्य कर्मीको निरन्तरताका लागी नगरक्षेत्रका हरेक स्वास्थ्य संस्थामा बिद्युतिय हाजिरी राख्ने ब्यबस्था गरिने छ ।
- नगरपालिकाको प्रत्येक वडामा सरल ता सहज रुपमा स्वास्थ्य सेवा प्रबाह गर्नका लागी स्वास्थ्य संस्था नभएका वडाहरुमा तत्काल स्वास्थ्य कर्मी तथा आबश्यक औषधीको व्यबस्थापन गरी सेवा प्रवाह गरिने छ ।
- हरेक वडा बस्तीमा निस्वार्थ रुपमा काम गर्दै आएका महिला स्वास्थ्य स्वयम सेबिकाहरुले आफनो वडा बस्तीमा गरी आएको काम कार्यको उच्च मूल्याकन गर्दै स्वास्थ्य सेवा संग सम्बन्धित सूचना प्रवाहमा प्रभावकारीता ल्याउन तथा  निजहरुको थप हौसला प्रदान गर्नका लागी प्रोत्साहन भत्ताको ब्यबस्था गरिने छ ।
- छायांनाथ रारा नगरपालिका भित्रका बालबालिका,बृद्धबृद्धा लगायत सम्पूर्ण जनताको स्वास्थ्य स्थितिमा सुधार गर्न स्वस्थ नगर स्थापना गर्न स्थानीय सरकार संग अबिभावक कार्यक्रम,स्वास्थ्य संस्था संग सरकार प्रमुख कार्यक्रम,जनप्रतिनिधी संग बालबालिका कार्यक्रम र स्बस्थ्य नगरबासी कार्यक्रमहरु आबश्यक कार्यबिधि बनाई लागु गरिने छ ।

## ५.पर्यटन र संस्कृति

- छांनानाथ रारा नगरपालिकाको सम्पुर्ण क्षेत्र नेपालको उत्कृष्ट पर्यटकीय गन्तव्य स्थान भएकोले यसवाट जनतालाई अधिक रुपमा लाभान्वित गराउन रारा, छाँयानाथ, थार्प, चंखेली, ऋणमोक्षमा पाँच वर्ष भित्र पर्यटक संख्या दोब्बर बनाउने नीति लिइएको छ । त्यसका लागि पर्यटकहरु आउने पर्यटकीय मार्गहरुको बाटो सुधार गर्ने, होटल तथा पर्यटन सेवा उद्योगहरुको संख्या वृद्धि गर्ने, पर्यटन व्यवसाय गर्ने व्यक्ति तथा संस्थाहरुलाई क्षमता बिकास गर्ने, ट्रेकिङ रुटमा होमस्टे हाउस निर्माण गर्ने, पदयात्रीहरुको जानकारीका लागि ठाउँठाउँमा पर्यटकीय जानकारीहरु, उचाई तथा उक्त क्षेत्र भ्रमण गर्दा अपनाउनुपर्ने सावधानी तथा पुर्व तयारीका वारेमा जानकारी सहितका वोर्डहरु राख्ने तथा सूचना केन्द्र स्थापना गर्ने कार्य गरिनेछ । यस क्षेत्रको पर्यटन, संस्कृति तथा स्थानीय कलाकृति तथा रितिरिवाजको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गरी सामाजिक सञ्जालबाट प्रचारप्रसार गरिनेछ ।
- पर्यटन ब्यबसायलाई मर्यादित बनाई थप रोजगारीका अवसर सृजना गर्न  **रारा जाउं अभियान**,भिजिट रारा, टुरिष्ट गाईड प्रशिक्षण तथा हस्पीटालिटी प्रबर्दन प्रशिक्षण कार्यकम संचालन गरिने छ ।
- यस क्षेत्र भित्रको प्राकृतिक रमणीयताको भरपुर उपयोग गरी आन्तरिक तथा वाह्य पर्यटकहरु आकर्षण गर्ने नीति अवलम्वन गरिनेछ । नगर क्षेत्र भित्र रहेका ऐतिहाँसिक,

पुरातात्वीक स्थलको पहिचान र विकास संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गर्ने नीति लिइनेछ ।

- छायांनाथ रारा नगरपालिका भित्रका पर्यटकिय क्षेत्रहरु बिच पर्यटकिय संजालको बिकास गर्नका लागी माझ पातल शिव मन्दिर डांडामा प्रथम मेयर भ्यूटावर निमार्ण गरी नेटा डांडा सम्म झोलुगे पुलको निमार्ण कार्य अगाडी बढाउनका लागी बिस्तृत परियोजना प्रस्ताव तयार गरिने छ ।
- रारा तालको मौलिकता जोगाउन आवश्यक पहल गरिनेछ । रारा आएका पर्यटकको बसाइ लम्ब्याउनका लागि अन्य पर्यटकिय गन्तव्यको पहिचान तथा विकास गरिनेछ । रारा तथा यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि रारा ताल आसपास क्षेत्रमा **राष्ट्रिय माउन्टेन साइकलिङ प्रतियोगिता** सञ्चालन गरिनेछ । रारा ताल वरीपरी ट्रयाकिङ्ग रुट, हर्स राइडिङ्ग रुट, साइकलिङ रुट तथा मोटरको छुट्टा छुट्टै रुटको विकास को लागि सम्भाव्यता अध्ययन गरिनेछ । साथै कर्णाली नदीमा व्यावसायिक र्‍याफ्टिङ्ग तथा कायाकिङ्गको सम्भाव्यता अध्ययन गरिनेछ ।
- उच्च गुणस्तरिय होटल तथा रिसोर्ट निर्माणको लागि आवश्यक प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।
- सम्पदाको संरक्षण, सम्बर्द्धनमा समुदायको अपनत्व कायम गरिनेछ । स्थानीय समुदायका विशेष संस्कृति संरक्षणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । पर्यटन प्रवर्द्धनका लागि फरक र विशेष पहिचानयुक्त सांस्कृतिक ग्राम र होम स्टे स्थापना, संचालन, प्रवर्द्धनमा र कोशेली घर  अनुदान सहित प्रोत्साहन गरिनेछ ।
- रारातालको सोन्दर्यतालाई बचाई राख्न तथा फोहर ब्यबस्थापन गर्नका लागी रारा तालको बरीपोरी फोहर संकलन गर्ने खाडल,फोहर ब्यबस्थापनका लागी पर्यटक झोला,घोडाको दिशा ब्यबस्थापनका लागी Horse Stool Collection Bag, पार्किग स्थलको निमार्ण तथा Hospitality सम्बन्धि तालिम संचालन गरिने छ ।

६.पूर्वाधार बिकास

- जिल्लामा हाल सम्म पनि  बिभिन्न कार्यक्रम संचालन गर्दा  सभाहल नभै महाकाली मा.बि.को बिद्यालय प्राङ्गणमा प्रयोग गर्नु पर्ने बाध्यकारी अबस्थाको अन्त्य गर्नका लागी नगरपालिका क्षेत्र भित्र एक सभाहलको निमार्ण कार्य आ.व. २०७६।०७७ भित्र शुरुवात गरिने छ ।

६.रोजगारी तथा गरीबी निवारण

- स्थानीय स्तरमा उपलब्ध स्रोत साधनलाई अधिकतम परिचालन गरी परम्परागत सीप र ज्ञानको जगेर्ना गर्दै त्यसलाई आधुनिकीकरण गरी जनतालाई स्वरोजगार बनाउने नीति नगरपालिकाको रहेकोछ । यस क्षेत्रका जनताको माग र व्यक्तिको क्षमता अनुसार काम गर्ने वातावरण तयार गरी गाउँ गाउँमा रोजगार सृजना गर्ने वातावरण तयार गरिनेछ ।
- छायांनाथ रारा नगरपालिका भित्रका विपन्न, दलित, जनजाति तथा पिछडिएका र बेरोजगार युवा समुदायहरुको सघन बसोवास भएका वडाहरुमा आव २०७५।०७६ देखि लागु गरिएको **नगर प्रमुख रोजगार कार्यक्रम** लाई निरन्तरता दिई कम्तिमा २०० जना विपन्न परिवारका सदस्यहरुलाई श्रम मुलक सार्वजनिक निर्माण कार्य मार्फत न्यूनतम ६० दिन बराबरको रोजगारी सृजना गरिने छ । जसका लागि नगरपालिकाबाट यस बर्षका लागी आबश्यक बजेट विनियोजन गरिनेछ । सो कार्य कार्यन्वयनका लागि कार्यविधि अनुसार वेरोजगार महिला, दलित, युवा,फरक क्षमता भएका व्यक्तिहरुलाई समेटिनेछ ।
- समाजमा रहेको गरिबी तथा बेरोजगारी समस्या न्यूनीकरण गर्नको लागि **गरिब सँग नगर प्रमुख** कार्यक्रमलाई निरन्तरता दिई आबश्यक बजेटको बिनियोजन गरिनेछ जस अन्तरगत हरेक वर्ष निश्चित बेरोजगार युवाको लागि विभिन्न व्यवसायिक तालिमहरु प्रदान गरिनेछ र तालिम प्राप्त युवाहरुलाई व्यवसाय शुरु गर्नको लागि लघुकर्जा/सफ्ट लोन (वा अनुदान) प्रदान गरिनेछ ।

**७. महिला संग उप प्रमुख कार्यक्रम**

- छोरी आत्म निर्भर कार्यक्रम अर्न्तगत एक छोरी एक बैंक खाता कार्यक्रमलाई निरन्तरता दिईनेछ । दलित तथा एकल महिलाको आय आर्जनका लागि आबश्यक नीति अबलम्बन गरिने छ ।
- महिला स्वास्थ्य स्वयम सेविकालाई अधिकतम उपयोग गरि स्वास्थ्य क्षेत्रमा सुधार गर्ने निति अनुसार महिला स्वास्थ्य स्वयम सेविकाका लागी संचार प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।
- सानो परिवार सुखी परिवार नीति अनुसार दुई सन्तान जन्माई सके पछि परिवार नियोजन गर्ने ब्यक्तिलाई दिईने प्रोत्साहान भत्तालाई निरन्तरता दिईनेछ ।
- घरेलु हिंसा, यौनजन्य हिंसा लगायत अन्य हिंसाजन्य क्रियाकलापलाई निर्मुल गर्न सामाजिक शसक्तिकरणका कार्यक्रम संचालन गरिनेछ ।
- लैगिंक उत्तरदायी वजेट कार्यान्वयनमा ल्याइनेछ । महिलालाई प्रत्यक्ष फाईदा पुग्ने भौतिक एंव सामीजक पूर्वाधार निर्माण गर्न विशेष प्राथमिकता दिइनेछ । महिलामैत्री संरचनाहरु निर्माण गरिनेछ ।

- न्याय सम्बन्धि कार्य प्रभावकारी रुपमा संचालन गर्नका लागी बिभिन्न सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।
- जनजाती महिलालाई आत्म निर्भर बनाउनका लागी  व्यबसायिक सीप बिकास तालिम संचालन गरिने छ ।
- महिला सशक्तिकरणका लागी लघु उद्यम बिकास सम्बन्धि तालिम कार्यक्रम संचालन गरिने छ ।
- नगर क्षेत्र भित्रका विपन्न तथा दलित महिलाहरुको स्वास्थ्यलाई मध्ये नजर गर्दै कम्तीमा २०० जना विपन्न महिला पहिचान गरी एक घर एक एलपी ग्याँस वितरणको नीति लिईने छ । घरधुरी छनौट तथा वितरण कार्यका लागी कार्यविधि तयार गरिने छ । कुल लागतको ५० प्रतिशत नगरपालिकाले र ५० प्रतिशत वित्तिय संस्थाको श्रृणमा संचालन ल्याईने छ ।
- **छायांनाथ रारा नगरपालिका सम्बृद्धि अभियान महिला तथा बालबालिका संग उप प्रमुखको नयन** भन्ने नारालाई सफल बनाउनका लागी बिभिन्न स्वास्थय तथा शिक्षा सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।
- बिहेबारी बिस बर्ष पारी भन्ने नारालाई सफल बनाउनका लागी चेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

## ८.कृषि तथा पशुपालन

- कुनै पनि क्षेत्रको विकासको लागि त्यस क्षेत्रका जनताको रोजगारी र आय आर्जनमा बढोत्तरी हुनु पर्दछ । यस छाँयानाथ रारा नगरपालिकाले विकासको लागि **कृषि क्षेत्रको आधुनिकीकरण र विविधिकरण** गरी जनताको आयमा वृद्धी गर्ने नीति नगरपालिकाले लिनेछ । यसको लागि कृषि क्षेत्रमा **उत्पादन र उत्पादकत्व वृद्धि**का लागि आवश्यक **आधारभूत पूर्वाधारहरु निर्माण** गर्ने नीति लिनेछ । यस क्षेत्रका जनतालाई परम्परागत कृषि प्रणालीको सट्टा आधुनिक कृषि प्रणाली तर्फ अग्रसर गराई नगदेवाली उत्पादन गर्ने तर्फ आकर्षित गर्न **उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रम** संचालन गरिने छ । यसको लागि यस क्षेत्रको भौगोलिक अवस्थालाई ध्यान दिई उच्च चिसो भुभागमा स्याउ, ओखर जस्ता चिसो भुभागमा फल्ने फलफूल खेती, जडिबुटी खेती,पशुपालनमा जोड दिईनेछ, मध्य भूभागमा फलफुल खेती एवं वेशी फाँटहरुमा तरकारी उत्पादनमा जोड दिई कृषि विज्ञहरुको सल्लाह र सुझाव अनुरुप जनताको जीवन स्तरमा सुधार ल्याउने नीति लिईनेछ ।

- प्रतिस्पर्धी, तुलनात्मक लाभको सम्भावना भएको, भौगोलिक एवं पर्यावरणीय स्थिति अनुकुल हुने र उच्च मुल्य पर्ने नगदे तथा खाद्य बालीहरु तर्फ कृषकहरुलाई आकर्षित गर्ने नीति नगरपालिकाले अंगीकार गर्नेछ । साथै पशुहरुको नश्ल सुधार गर्ने नीति लिई दुग्धजन्य पदार्थ उत्पादनमा बढोत्तरी गरी कृषकहरुको आय आर्जनमा वृद्धि गर्ने लक्ष्य नगरपालिकाको रहेकोछ । बजारको पहुँच बढाउन तथा बजारसम्बन्धी सूचना आदानप्रदान गर्न कृषक पाठशाला कार्यक्रम, कृषि तथा पशु उपज मूल्य श्रृङ्खला समन्वय समिति निर्माण, व्यापार/ प्रदर्शनी मेलाको आयोजना गर्ने तथा घरेलु तथा लघु उद्यम तर्फ आकर्षित महिला तथा युवाहरुका लागि व्यावसाय व्यवस्थापन तथा वित्तीय साक्षरता कार्यक्रम गर्ने तर्फ नगरपालिकाले ध्यान दिनेछ ।

- बधशालाको निर्माण गरि बधशालावाट मात्र मासुजन्य पदार्थ विक्रि वितरण गर्न पाईने व्यवस्था गरिनेछ । मासिक वजार अनुगमन गरी पशु जन्य खाद्यवस्तुको शुद्धता र गुणस्तर कायम गरिनेछ ।
- कृषि तथा पशुपालन क्षेत्रमा उत्कृष्ठ ब्यबसाय संचालन गर्ने अगुवा कृषकहरुलाई प्रोत्साहन कार्यक्रम संचालन गरिने छ ।
- दुध,फुल, माछा, मासुमा आत्मनिर्भर गर्नका लागि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने कार्यक्रम ल्याइनेछ । “रक्सी होईन दुध खाऔं” भन्ने नारालाई अगाडी वढाईनेछ । भैंसी तथा गाई पाल्ने कृषकहरुलाई प्रात्साहित गरिने छ । भैंसी/गाईं सुन्दरी प्रतियोगिताको सुरुवात गरिने छ । जसवाट कृषकहरु भैंसी तथा गाई पाल्न प्रोत्साहित हुनेछन ।

## ९.खानेपानी तथा सरसफाई

- यस नगरमा एक गाऊ एक खानेपानी योजना तथा बजार क्षेत्रमा एक घर एक धारा बनाउने नीति अबलम्बन गरिने छ । खानेपानी तथा सरसफाई क्षेत्रमा काम गर्ने संस्थालाई नगरको प्रथामिकताको क्षेत्रमा काम गर्न प्रेरित गरिने छ । बजार तथा गाऊमा आफ्नो घर आगन अगाडी आफै सरसफाई गर्नुपर्ने र सरसफाई ब्यबस्थापन नगर्नेलाई प्रचलित नियमानुसार जरिवाना गर्ने नीति लिईने छ ।
- छांनानाथ रारा नगर क्षेत्रबाट वढिरहेको फोहर सहरी सुन्दरता र सहरी स्वास्थ्यको लागि प्रमुख चुनौती हुने संभावनालाई मध्यनजर गर्दै फोहर विसर्जनको लागि उपयुक्त हुने स्थानको पहिचान गरी फोहर ब्यबस्थापनको व्यवस्था मिलाइने छ । नगर सरसफाईको लागी निजी क्षेत्रलाई जिम्मा (सहकारी, गैसस) दिई सरसफाई कार्यलाई अगाडी वढाईने छ ।
- महिला तथा वालवालिकाको स्वास्थ्यलाई मध्यनजर गर्दै सहकारी, गैससहरु संगको साझेदारीमा स्वास्थ्य तथा सरसफाईका सामाग्रीहरु वितरण गरिने छ ।

- सञ्चालनमा रहेका वहुवर्षिय आयोजनाहरुलाई तोकिएकै समयमा सम्पन्न गर्न थप पहल गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने तथा यस सम्बन्धमा **सफा र स्वच्छ खानेपानी, छायांनाथ राराको पहिचान** नारा लाई मुर्तरुप दिन कार्यक्रमहरु ल्याइनेछ ।
- नगरपालिकालाई पूर्ण सरसफाई यूक्त बनाउने कार्यमा नगर तथा वडा स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति (MWASH-CC & WWASH-CC) लाई थप क्रियाशील बनाई एक घर एक शौचालय तथा प्रत्येक गाऊमा प्रत्येक महिना सरसफाई अभियानलाई अनिवार्य गरिनेछ । यस कार्यमा नगरपालिकाले बिभिन्न संघ संस्थाहरुसंग सहकार्य गर्ने नीति अबलम्बन गरिने छ ।
- गाऊ गाऊमा सरसफाई अभियान संचालन गर्न WASSH-CC लाई सकृय बनाउदै **एक गाऊ एक गाऊ सुधार समिति गठन** गर्ने नीति लिइने छ । साथै सरसफाईका क्षेत्रमा बिभिन्न सरकारी तथा गैर सरकारी निकायसंग साझेदारी गरिने छ ।
- नगरपालिकाले आफ्नो नगरक्षेत्रमा घर घरमा भान्साको फोहरलाई सड्ने र नसड्ने भनी विभाजन गरी सड्ने फोहरलाई बारीभित्रै कम्पोष्ट मलको रुपमा उपयोगमा ल्याउने तथा नगरपालिकाको शहरी क्षेत्रका ७० प्रतिशत भन्दा बढी घरहरुले सड्ने फोहोरबाट कम्पोष्ट मल बनाउन प्रेरित गरिने छ ।
- नगरपालिकाका सम्पूर्ण नगरवासीहरुलाई स्वच्छ र सफा खानेपानीको व्यवस्था मिलाउन **एक घर एक धारा एक गाउँ एक ट्याङ्की** कार्यक्रम सञ्चालन गरि नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने गरी प्राथमिकताका साथ कार्य अगाडि बढाइनेछ ।
- **सफा घर, टोल र शहर -छाँयानाथ रारावासीको एउटै रहर** अभियान सञ्चालन गरि फोहोरमैलाको उचित व्यवस्थापनको लागि ल्याण्डफिल साइट/ डम्पीङ्ग साइटको निर्माण तथा दीर्घकालिन सरसफाइ गुरुयोजना तयार गरि स्वच्छ र सफा नगरको लागि आवश्यक कदम चालिनेछ । बजार तथा बजारोन्मुख क्षेत्रमा डस्टबिनहरुको व्यवस्था गरिनेछ ।
- नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगरपालिका बनाउन विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ । पूर्ण सरसफाई युक्त नगरपालिका बनाउन नेपाल सरकारले तोकेका सूचकहरु पुरा गर्न प्राथमिकता दिई काम कारवाही अगाडी बढाईने छ ।
- नगरको फोहरमैला व्यवस्थापन गर्न तथा पोलिथिन झोला निरुत्साहित गर्न महिला उद्यमीहरुलाई प्रशिक्षित गरि अल्लो, ऊन, भाँगोको धागो वानाई झोला वनाउने नीति लिइनेछ ।
- नगर क्षेत्र भित्रको खानेपानी तथा सरसफाईलाई एकद्धार प्रणाली मार्फत विकास तथा व्यवस्थापन गर्न छायानाथ रारा खानेपानी तथा सरसफाई विकास वोर्ड गठन गरिने छ । वोर्डको गठन तथा कार्य संचालनका लागी कार्यविधि वनाईनेछ ।

## १०.सामाजिक विकास

- नगरपालिका क्षेत्र भित्र परम्परागत रुपमा रहेका अन्धविश्वास, कुरितीको रुपमा रहेका छुवाछुत, छाउपडी प्रथा, जादुप्रथा, बोक्सोबोक्सी जस्ता कुप्रथाहरुलाई हटाई सभ्य समाज निर्माण गर्न विशेष पहलका कार्यक्रमहरु अगाडी बढाईनेछ । यस्ता कुसंस्कारहरुलाई प्रश्रय दिने व्यक्ति वा संस्थालाई दण्ड दिई सम्मानपूर्वक बाच्न पाउने व्यक्तिको हक अधिकारको सुनिश्चित गर्दै मानव अधिकारको संरक्षण र संम्वर्द्धनमा विशेष जोड दिईने नीति नगरपालिकाले लिएकोछ ।

## ११.वातावरण तथा विपद व्यवस्थापन

- **छाँयानाथ वासीको चाहाना, स्वच्छ, सफा र हराभरा नगर हाम्रो कामना** अभियान सञ्चालन गरिनेछ । जलवायु परिवर्तनका कारण कृषि तथा खाद्यान्न, जलश्रोत, वन जंगल तथा जैविक विविधताको संरक्षण र वातावरणिय सेवा जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ । जलवायु परिवर्तनसँग जुध्न प्रभाव न्यूनीकरणका कार्यक्रमहरु अपनाउन नसकिएपनि विभिन्न अनुकुलनका कार्यक्रमहरु अघि बढाउदै लगिनेछ ।
- सामुदायिक बनको हेरालोको आबश्यक नीति लिई कार्यान्वयनमा ल्यााईने छ ।
- भौतिक संरचना निर्माण गर्दा वातावरण मैत्री हुनेगरी निर्माण गरिनेछ । एउटा संरचना वन्दै गर्दा अर्को प्राकृतिक सम्पदा विनास हुने प्रकृतिको अन्त्य गर्न Bioengineering सहितको पूर्वाधार निर्माण गर्ने नीति अवलम्वन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- **विपद न्यूनीकरणको लागि पूर्व तयारीमा जुटौं** अभियान सञ्चालन गर्न विपद व्यवस्थापन समितिलाइ प्रभावकारी बनाइनेछ । नगर विपद प्रतिकार्य योजना बनाइ सरोकारवाला संघ संस्थाहरुसँग सहकार्य गरि अगाडी बढीनेछ । सडक निर्माण तर्फ विनियोजित कुल रकमको **१ % रकम वृक्षारोपणमा** लगानी गर्नुपर्ने प्रावधान गरिनेछ (सम्बन्धित योजनाबाट) । **विपद व्यवस्थापन सम्बन्धी एक स्थायी कोष** निर्माण गरिनेछ ।

## १२. सुशासन तथा सेवा प्रबाह

- नगरपालिकाको उपयुक्त संरचना, शाखा तथा कर्मचारीको आधारमा नगरपालिकाको प्रशासनिक तथा संगठनिक संरचना र संस्थागत प्राणीलाई चुस्त दुरुस्त विश्वसनीय, क्षमतायुक्त र प्रभावकारी बनाइनेछ ।
- १४ वार्डमा वार्ड कार्यालय संचालनमा ल्याई सेवा प्रवाह बिस्तार गरिने छ । कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुबाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको

प्रत्याभूति,पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

- सुशासनका मुल आधारहरु वित्तिय अनुशासन, पारदर्शीता र जवाफदेहितालाई सशक्त बनाउन तथा वित्तिय जोखिमलाई न्यूनीकरण गर्न नगरपालिकाबाट प्रदान गरिने सेवासुविधाको प्रभावकारितामा वृद्धि गरी सेवाग्राहीहरुलाई छिटो छरितो एवं पारदर्शी रुपले सेवा प्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउन सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परीक्षण, रेडियो गतिविधि, वुलेटिन प्रकाशन, सहभागितात्मक अनुगमन-मूल्याङ्कन जस्ता कार्यक्रमहरुको थालनी गरिनेछ ।

## १३.समाबेशी बिकास

- समुदायको क्षमता अभिवृद्धि गरी नगरको विकासमा टेवा पुऱ्याउन सामुदायिक संस्थाहरु, उपभोक्ता समितिहरु, पिछडिएका महिला, दलित, आदिवासी, मधेसी मुस्लिम, समुदायहरुको रुपान्तरणीय सामाजिक परिचालनको माध्यमले सशक्तिकरण गर्ने नीतिलाई निरन्तरता दिईएको छ ।
- समाजमा पछाडि परेका, आर्थिक, सामाजिक अवसरहरुबाट वञ्चितीकरणमा परेका समुदायहरुलाई मूल प्रवाहीकरण गर्न लक्षित वर्ग उत्थान कार्यक्रम अन्तरगत सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछन ।
- महिला, बालवालिका, दलित, आदिवासी, जनजाती, अपाङ्ग, द्वन्द्वपीडित, एकल महिला तथा विपन्न वर्गहरुको लागि सञ्चालित सबै कार्यक्रमहरु वीच तालमेल राखी लक्षित वर्गका सञ्जालहरुलाई थप क्रियाशील बनाईनेछ ।

## १४.गैर सरकारी संस्था

- यस नगरपालिका भित्रका विषयगत कार्यालयहरु, गैसस तथा अन्य संघसंस्थाहरुबाट सञ्चालन हुने कार्यक्रमहरु नगरपालिकाको छाताभित्र ल्याउन त्यस्ता संस्थाहरुले नगरपरिषदमा कार्यक्रम स्वीकृत गराई कार्यान्वय गर्नुपर्ने नीति अवलम्वन गरिएको छ । कार्यान्वयनमा देखिएको जटिलता र दोहोरोपना जस्ता समस्या समाधान गर्न नगरपालिकाको पूर्वसहमतिमा मात्र नगरभित्र कार्यक्रम सञ्चालन गर्ने र नगरपालिकालाई नियमित प्रगती प्रतिवेदन दिने ब्यबस्था गरी सञ्चालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन गर्ने सशक्तसंयन्त्रको विकास गरिनेछ । साथै गैह्र सरकारी संस्थामा कार्यरत कर्मचारीहरुको तलब भत्ता अनिवार्य रुपमा निजहरुको खाता खोली खातामा जम्मा गर्ने ब्यबस्था मिलाईने छ ।
- विकासमा सक्रिय साझेदारी एवम् सहभागि हुने जिल्ला स्थित गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था, दातृ निकायबाट हुने विकास निर्माणका कार्यहरुलाई एकद्वार प्रणाली (One Door System) अर्न्तगत नगरपालिकाको स्वीकृती लिएर मात्र संचालन गर्ने गराउने व्यवस्था मिलाइने छ । नगरपालिकाको स्वीकृति विना कार्यक्रम संचालन गरेको भेटिएमा कानुनी कारवाहीका लागी प्रकृया अगाडी बढाईनेछ । गैससमा

कार्यरत तलवी कर्मचारी कुनै पनि राजनैतिक दलको सदस्य तथा कार्यक्रममा सहभागी समेत हुन पाउने छैन ।

१५.उद्योग ब्यबसाय तथा रोजगारी

- नगरपालिकाले स्थानीय उद्योगी तथा व्यापारीसंग सम्बन्धित संस्थाहरुसंग सहकार्य गरी नगरपालिकाको पहिचानको रुपमा एक गाऊ एक उत्पादन (One Village One Product (OVOP) विकास गरी उत्पादन तथा बिक्री गर्ने कार्यक्रम सञ्चालन गरिने छ । नगरपालिकाले एक गाऊ एक आयूर्बेद ब्यबसायी परिचालन गरी गाऊ गाऊमा जडीबुटीबाट औषधी उत्पादन गरि नगपालिकालाई आयूर्बेदिक औषधीमा आत्मनिर्भर बनाउने तथा आयूर्बेदिक औषधी निर्यात गरी रोजगारी सृजनामा जोड दिने छ ।
- नगरपालिका क्षेत्रभित्र लघु उद्यम र उद्यमीहरुको प्रवर्द्धन तथा विकासका लागि लघु उद्यमी तथा साझेदार संस्थाहरुसँग कार्यक्रमगत तथा लागत साझेदारी गर्दै लघु उद्यम प्रवर्द्धन तथा विकासका कृयाकलापहरु सञ्चालन गरिनेछ ।

१६. संचार तथा पत्रकारीता साझेदारी कार्यक्रम

- **नगरपालिकाद्धारा प्रदान गरिने से**वाहरुको जानकारीका नागरिक वडापत्र राखिने छ । सर्वसाधारणलाई सुचनाको हकको पूर्ण रुपमा प्रत्याभूत गराईने छ ।
- **नगरक्षेत्रको विकास** र सुशासनमा कलम चलाउने संचारकर्मीहरु मध्येवाट वार्षिक २ जनालाई पुरस्कृत तथा सम्मान गरिने छ ।
- **पत्रकार महा**संघको साझेदारीमा संघ तथा संचारकर्मी क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।
- **पत्रकार महासं**घको भवन निर्माणका लागी आवश्यक पहल तथा सहयोग गरिने छ ।
- **नगरपालिका क्षेत्र भित्रका नेपाल टेलिकमको नेटवर्कले काम नगर्ने वस्ती**हरुमा नेटवर्क विस्तारको लागी पहल गरिनेछ ।

१७.बस्ती बिकास तथा भवन मापदण्ड

- नगर क्षेत्रका परम्परागत बस्तीलाई क्रमश रुपान्तर गरी सडक मार्ग तर्फ स्थानन्तरण गरेर झुण्ड बस्तीबाट रेखिय बस्ती निर्माण गरिने नीति लिइने छ । नगरमा बिगतमा बनेका घरलाई जे जस्तो अबस्थाका घर छन् सो अबस्थाको नक्सा पास गरि नियमित गरिने छ । जनताको सहजता, घर नक्सा बनाउने झन्झट तथा खर्चलाई कम गर्नका लागि अब बन्ने घरका लागि नगरपालिकाले यस नगरलाई उपयूक्त हुने घर नक्साको

नमूना मोडेल निर्माण गरी दिनेछ । नक्सापास गरेर मात्र घर निर्माण गर्ने नीति अबलम्बन गरिने छ । यस नगरमा लागु गरिने जनता आबास लगायतका कार्यक्रम मार्फत आय स्रोत कम भएका तथा दलित समुदायका बस्तीलाई बिकास गरिने नीति अबलम्बन गरिने छ ।

१८.युवा तथा खेलकुद

- **स्वास्थ्यका लागि खेलकुद, राष्ट्रियता र एकताका लागि खेलकुद** भन्ने अभियानलाइ अगाडि बढाइनेछ । सोहि अनुरुप नगरभित्र एक नगरस्तरिय कर्भड हल तथा खेल मैदान निर्माण कार्यको थालनी आ.व. २०७६।०७७ भित्रै सम्पन्न गरिनेछ ।
- नगर क्षेत्र भित्र खेलकुद क्षेत्रलाई बिकास गर्नका लागी **प्रथम मेयर कप कार्यक्रम**लाई निरन्तरता दिईनेछ ।
- नगरस्तरिय खेल सप्ताहको अवधारणालाई मूर्तरुप दिन आवश्यक कदम चालिनेछ ।
- विकृति र विसंगति हटाउन, सभ्यता र सुसंस्कार बढाउन, युवा पिढीलाई कुलतबाट जोगाउन खेलकुद र अतिरिक्त क्रियाकलापमा जोड दिइने छ । युवा तथा बालबालिका सूचना केन्द्रको स्थापना गरिनेछ । बालमैत्री शासन व्यवस्थाको लागि आवश्यक कदमहरु चालिनेछ ।
- नगर क्षेत्र भित्र रहेका प्रत्येक वडाहरुवाट धुम्रपान, मध्यपान तथा लागु औषध सेवन नगर्ने यूवाहरुको पहिचान गरि उनीहरुलाई सम्मान गरिनुका साथै समाजको सुधारमा परिचालित गरिने छ ।

**१९.लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

- **"सामाजिक न्याय र समताका लागि सकरात्मक विभेद"** को नीति अनुरुप पछाडि परेको वर्ग तथा समुदायलाई विकासको मुलधारमा समाहित गर्न हाल सञ्चालन हुदै आएको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिदै महिला, बालबालिका, आदिवासी जनजाति, दलित, अपांग, एकल महिला, द्वन्द्ध पीडित महिला, बेरोजगार तथा अति पिछडिएका र बिपन्न समुदायको लागि क्षमता विकासको लागि आवश्यक कार्यक्रमहरु गरिनेछ ।

- सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई अझ सरलीकृत र प्रभावकारी बनाउन असि बर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरुलाई घरमै गई जेष्ठ नागरिक परिचयपत्र नविकरण गर्ने र घरमै गई भत्ता वितरण गर्ने व्यवस्था मिलाइने छ । ८४ वर्ष पुरा गरेका जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम गरिनेछ ।

- ४५ देखी ६० बर्ष उमेर भित्रका एकल पुरुषलाई सहज जिवन यापनका लागी प्रोत्साहन भत्ता उपलब्ध गराईने छ ।

## २०. वित्तीय तथा श्रोत परिचालन

- करदातालाई ससम्मान र सहज रुपमा कर एवं राजस्व बुझाउने वातावरण मिलाइनेछ ।
- उद्योग वाणिज्य संघ मार्फत नगर क्षेत्र भित्र रहेका उद्योगी व्यापारीहरुलाई कर ताजगी तालिम संचालन गरिने छ ।

## २१. दण्ड र पुरस्कार

- नगरका योजना कार्यक्रमहरु समयमै सम्पन्न गर्ने तथा उत्कृष्ठ कार्य गर्ने निर्माण व्यवसायी, उपभोक्ता समितिहरुलाई पुरष्कृत गरिनेछ भने समयमै कार्य सम्पन्न नगर्नेलाई दण्डीत गर्ने नीति लिइनेछ ।
- उत्कृष्ठ कार्य गर्ने कर्मचारी तथा पदाधिकारीहरुलाई सम्मान गर्ने तथा कार्यसम्पादनमा हेलचेक्रयाँई गर्ने उपर कारबाही गर्ने नीति अख्तियार गरिनेछ ।
- नगरक्षेत्र भित्र राम्रो काम गर्ने संघसंस्थाहरुलाई कार्य सम्पादन मुल्याँकनको आधारमा पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ

## २२. सहकारी व्यवस्थापन

- सहकारीको माध्यमबाट आर्थिक उन्नति गर्न तथा घर घरमा रोजगारी सिर्जना गर्न आवश्यक नीति तथा कार्यक्रम ल्याइनेछ ।
- नगर यूवा स्वरोजगार कोष कार्यक्रम संचालन गरिने छ ।
- सहकारी ऐन नियम अर्न्तगत संचलानमा रहेका नगर भित्रका सहकारीहरुलाई सक्षम वनाउन अनुदान दिने नीति अवलम्वन गरिने छ ।
- विषयगत सहकारी संघ मार्फत वित्तिय साक्षरता अभियान संचालन गरिनेछ ।
- नगरपालिका भित्र रहेका विभिन्न प्रकारका सहकारी संस्था तथा सहकारी कर्मीहरुको वर्गीकरण गरीनेछ ।
- यस नगरपालिका भित्र रहेका सहकारी संस्थाका सदस्यहरुलाइ लक्षित गरी वित्तिय साक्षरता अभियान संचालन गरिनेछ ।
- नगरपालिकामा एक गाउँ एक सहकारीको अभियानलाई दृढताका साथ कार्यान्वयन गरिनेछ ।

- सहकारी संस्थाहरुमा बाह्य तथा आन्तरिक सुशासन कायम गर्न नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।
- डिजिटलाइज युग अनुसार सबै सहकारी संस्थाहरुलाई अनिवार्य अनलाइन COCOMIS प्रविधिमा जान र अनुगमन प्रतिवेदन पेश गर्न लगाइनेछ ।
- सहकारी संस्थाहरुको सघन अनुगमन कार्यलाई तिब्र रुपमा कार्यान्वयन गरिनेछ ।

२३.सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन

- नगरबाट प्रवाह हुने सेवा प्रवाहलाइ गुणस्तरिय, छिटो छरितो बनाउनका लागि आवश्यक कदमहरु चालिनेछ । सार्वजनिक सेवा प्रवाहका नयाँ अभ्यासहरुलाई लागु गर्दै लगिनेछ । पूँजीगत बजेट कार्यान्वयनमा तीब्रता दिइनेछ । ठूला र छानीएका आयोजनाहरुको प्रभावकारी अनुगमनका लागि **द्रुत अनुगमन टोली परिचालन** गरिनेछ । चालु खर्चमा मितव्ययीता अपनाइनेछ तर पूँजीगत बजेट कार्यान्वयनका गर्नका लागि सहयोगी हुने गरी पर्याप्त चालु खर्च उपलब्ध गराइनेछ । नगरसभाबाट पारित वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि निश्चित कार्ययोजना बनाई अघि बढिनेछ ।
- सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन नगरपालिकाले लिएको समग्र कार्यक्रम, आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परीक्षण, सार्वजनिक परीक्षण सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरिनेछ । जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनका नयाँ नयाँ शैलीहरु नगरपालिकाले अवलम्बन गरिनेछ ।
- नगरपालिका द्धारा संचालन गर्ने सम्पूर्ण कार्यक्रमको कार्यबिधि बनाई नगरकार्यपालिकावाट पारित गराई कार्यान्वयन गरिने छ ।
- विकास कुनै एक्लो व्यक्ति वा संस्थाको प्रयास मात्र पर्याप्त हुदैन यसमा सरोकारवाला सवैको सहयोग, साथ र समन्वयको आवश्यक्ता पर्दछ । छाँयानाथ रारा नगरपालिकाको अगामी आ.व.को नीति तथा कार्यक्रमलाई मुर्तरुप दिन यस क्षेत्रबाट निर्वाचित सम्पुर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारीवर्ग तथा आम नगरवासीहरुको सहयोग र साथ रहने अपेक्षा सहित विदा हुन्छु ।

धन्यवाद ।

हरिजंग शाही
नगर प्रमुख
मिति : २०७६।०३।२८
छांयानाथ रारा नगरपालिका, मुगु ।